# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शैक्षिक प्रशासन महाशाखा
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प.सं: (शिक्षा) ०८०/०८१
च.नं: ८४८

Email: bmceducationsection@gmail.com

मिति: २०८०/०५/०१

**विषयः विषय विशेषज्ञमा सूचीकृत हुने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा भरतपुर महानगरपालिकाको करारमा शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि, २०७६ को परिच्छेद ३ दफा ५ बमोजिम महानगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा रिक्त रहेका र रिक्त हुने स्वीकृत दरबन्दी, राहत अनुदान कोटा, शिक्षण सहयोग अनुदान र युवा स्वयंमसेवक शिक्षक अनुदानको नियमानुसार करार सेवामा शिक्षक नियुक्ति एवम् प्रधानाध्यापक नियुक्ती गर्दा गठन गरिने छनौट समितिमा विषय विशेषज्ञको रुपमा रही कार्य गर्न इच्छुक देहायको योग्यता पुगेका स्थायी शिक्षकहरुले निम्नानुसारको कागजात सहित २०७८ सालमा सूचीकृत भैसकेका विषय विशेषज्ञहरुले नवीकरणका लागि रु. ५००/- (अक्षेरुपी पाँच सय रुपैयाँ) र नयाँ सूचीकृत हुन चाहने विषय विशेषज्ञहरुले रु. १०००/- (अक्षेरुपी एक हजार रुपैयाँ) राजश्व महानगरपालिकाको राजश्व शाखामा रकम जम्मा गरी सक्कल रसिद सहित मिति २०८०/०५/१५ भित्र शैक्षिक प्रशासन महाशाखामा निवेदन पेस गर्नुहुन महानगरपालिकाको मिति २०८०/०४/२९ को निर्णय अनुसार यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

१. माध्यमिक तहको हकमा कम्तीमा शिक्षा शास्त्रमा स्नातकोत्तर र आधारभूत तहको हकमा कम्तीमा शिक्षाशास्त्रमा स्नातक तह उत्तीर्ण भएको हुनुपर्ने।
२. विशेषज्ञ हुन चाहेको तहमा शिक्षण अनुभव कम्तीमा ३ (तीन) वर्ष भई कम्तीमा १ (एक) वर्षको स्थायी सेवा पूरा भएको हुनुपर्ने।
३. जुन तहको विशेषज्ञ हुन चाहेको हो सोही तह उल्लेख गरी आवेदन दिनुपर्ने।
४. माध्यमिक तह र आधारभूत तह (कक्षा ६-८) लागि विशेषज्ञ हुन चाहेको विषय समेत उल्लेख गर्नुपर्नेछ।

**संलग्न गर्नुपर्ने कागजातहरुः**

सम्बन्धित तहको न्यूनतम शैक्षिक योग्यता र माथिल्लो शैक्षिक योग्यताको ट्रान्सकृप्ट, स्थायी अध्यापन अनुमतिपत्र, अस्थायी नियुक्ति पत्र र स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपिहरु।

**पुनश्चः**

१. माध्यमिक तह र आधारभूत तह (कक्षा ६-८) को लागि विशेषज्ञ विषयगत रुपमा सूचिकृत गरिनेछ।
२. विषय विशेषज्ञहरु दुई वर्षको लागि सूचीकृत हुनेछन्।
३. निवेदनको साथमा सूचीकृत हुन चाहेको तह/ विषयको एक सेट प्रश्नपत्र र उत्तरकुञ्जिका शिक्षक सेवा आयोगको पाठ्यक्रम बमोजिम तयार गरी Hard Copy वा Soft Copy अनिवार्य रुपमा पेस गर्नुपर्नेछ।
४. माथिल्लो तहमा सूचीकृत हुन चाहने विषय विशेषज्ञले तल्लो तहको लागि समेत विशेषज्ञ हुन चाहेमा निवेदनमा सो व्यहोरा समेत खुलाउनु पर्नेछ र सो तहको लागि तोकिएको राजश्व समेत बुझाउनुपर्ने छ।
५. उल्लेखित राजश्व दर दुवै तहको लागि तहगत रुपमा छुट्टाछुट्टै लागू हुनेछ।
६. २०७८ सालमा सूचीकृत विषय विशेषज्ञहरुलाई नवीकरणका लागि निवेदन र राजश्व भौचर बाहेक अन्य कागजात (शैक्षिक प्रमाणपत्र, नियुक्ति, तालिम आदि) आवश्यक पर्ने छैन।

ऋषिराम शर्मा
अधिकृतस्तर आठौं

श्री सूचना तथा प्रविधि शाखाः- वेबसाइटमा अपलोड गरिदिनु हुन।

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्री परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

CamScanner